तेस्रो संशोधन :- २०७५/१२/२८
चौथो संशोधन :- २०७८/०२/०४

**राष्ट्रिय पत्रकारिता पुरस्कार र वरिष्ठ पत्रकार सम्मानलाई व्यवस्थित गर्ने कार्यविधि, २०७२**

**प्रस्तावना**

निश्पक्ष, उत्तरदायी, व्यावसायिक, खोजमूलक र विश्लेषणात्मक पत्रकारिताको माध्यमबाट राष्ट्रिय हितको प्रवर्द्धन र जनतालाई सुसूचित गराउन योगदान पुर्‍याएका पत्रकार वा आमसञ्चार सम्बन्धी संस्थालाई प्रोत्साहन र सम्मान स्वरुप हरेक वर्ष नेपाल सरकारबाट प्रदान गरिने राष्ट्रिय पत्रकारिता पुरस्कार र बरिष्ठ पत्रकार सम्मान वितरण गर्ने कार्यलाई व्यवस्थित गर्न कार्यविधि बनाई लागू गर्न बान्छनीय भएकोले सूचना तथा संचार मन्त्रालयले **'राष्ट्रिय पत्रकारिता पुरस्कार र बरिष्ठ पत्रकार सम्मानलाई व्यवस्थित गर्ने कार्यविधि, २०७२'** बनाई जारी गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "राष्ट्रिय पत्रकारिता पुरस्कार र वरिष्ठ पत्रकार सम्मानलाई व्यवस्थित गर्ने कार्यविधि, २०७२" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२ परिभाषा र व्याख्या : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-**

(क) "मन्त्रालय" भन्नाले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई सम्झनुपर्छ।

(ख) "समिति" भन्नाले राष्ट्रिय पत्रकारिता पुरस्कार र बरिष्ठ पत्रकार सम्मान वितरण गर्ने प्रयोजनका लागि दफा ४ बमोजिम गठन गरिएको सिफारिस समितिलाई सझनुपर्छ।

(ग) "संयोजक" भन्नाले समितिका संयोजकलाई सम्झनुपर्छ र सो शब्दले संयोजकको अनुपस्थितिमा समितिको संयोजकको रुपमा काम गर्ने सदस्य समेतलाई सम्झनुपर्छ।

(घ) "सदस्य" भन्नाले राष्ट्रिय पत्रकारिता पुरस्कार र बरिष्ठ पत्रकार सम्मान वितरण गर्ने प्रयोजनका लागि दफा बमोजिम गठन गरिएको सिफारिस समितिका सदस्यलाई सम्झनुपर्छ।

(ङ) "बैठक" भन्नाले समितिको बैठक सम्झनुपर्छ।

(च) "सदस्य सचिव" भन्नाले राष्ट्रिय पत्रकारिता पुरस्कार र वरिष्ठ पत्रकार सम्मान वितरणलाई व्यवस्थित गर्ने प्रयोजनका लागि दफा ४ बमोजिम गठित समितिका सदस्य सचिव सम्झनुपर्छ।

**३. राष्ट्रिय पत्रकारिता पुरस्कार र बरिष्ठ पत्रकार सम्मान स्थापना :** नेपाल सरकारले देहायबमोजिमका पुरस्कार र सम्मानको स्थापना गर्नेछः

**(क) राष्ट्रिय पत्रकारिता पुरस्कार :** प्रत्येक वर्ष आमसञ्चार माध्यम वा पत्रकार मध्ये ६ जनालाई जनही एक एक लाख रूपैंया र कदरपत्र।

**(ख) वरिष्ठ पत्रकार सम्मान :** प्रत्येक वर्ष दुई जना वरिष्ठ पत्रकारहरुलाई जनही दई दई लाख रुपैया र कदरपत्र।

मा. जगदीश खरेल
मन्त्री

CamScanner

**४ सिफारिस समितिको गठन :** (१) राष्ट्रिय पत्रकारिता पुरस्कार र बरिष्ठ पत्रकार सम्मान प्रदान गर्न नाम सिफारिस गर्ने प्रयोजनका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले देहायबमोजिमको एक सिफारिस समिति गठन गर्नेछः

| | |
|---|---|
| क) सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव | - संयोजक |
| ख) प्रेस काउन्सिल नेपालका अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | - सदस्य |
| ग) पत्रकार महासंघका अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | - सदस्य |
| घ) मन्त्रालयले मनोनित गरेका पत्रकारिता विषयका विज्ञ, पत्रकारहरु मध्येबाट कम्तिमा एक जना महिला महित तीन जना | - सदस्य |
| ङ) मन्त्रालयका सञ्चार महाशाखा हेर्ने सहसचिव | - सदस्य सचिव |

**५. सिफारिस समितिको काम, कर्तव्य र अधिकारः**

राष्ट्रिय पत्रकारिता पुरस्कार र बरिष्ठ पत्रकार सम्मान सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) आमसञ्चार माध्यम र पत्रकारको नाम, उनीहरुको योगदान सहितको विवरण सकलन गर्ने,

(ख) आमसञ्चार माध्यम र पत्रकारको योगदानको मूल्याङ्कन गर्ने

(ग) समितिले उपयुक्त ठानेका अन्य आधारहरु तय गर्ने,

(घ) दफा (६) का आधारमा राष्ट्रिय पत्रकारिता पुरस्कार तथा वरिष्ठ पत्रकार सम्मानको लागि नाम सिफारिस गर्ने,

(ङ) पत्रकारिता विषयका विज्ञ वा अन्य सरोकारवाला व्यक्तिलाई बैठकमा आमन्त्रित गर्न सक्ने।

**६. राष्ट्रिय पत्रकारिता पुरस्कार र बरिष्ठ पत्रकार सम्मानका लागि नाम सिफारिस गर्दाका आधारः** राष्ट्रिय पत्रकारिता पुरस्कार र बरिष्ठ पत्रकार सम्मानको लागि सञ्चार माध्यम वा पत्रकारको सिफारिस गदां देहायबमोजिमका आधारहरु समेतलाई विचार गरी सिफारिस गर्नेछ।

(क) पत्रकारिताको माध्यमवाट देशको सार्वभौमसत्ता, राष्ट्रिय हित, लोकतन्त्र र नागरिकलाई सूसुचित गराउन महत्वपूर्ण योग्यता पु-याएको।

(ख) विभिन्न जात, जाति, सम्प्रदाय, लिङ्ग भूगोल आदिमा बसोवास गर्ने नागरिकहरु बीच एकता र सद्भावको अभिबृद्धि गर्न आफ्नो पत्रकारितालाई सदैव प्रयोग गरेको।

(ग) आमसञ्चारमा पत्रकारिता पेसालाई निश्पक्ष, उत्तरदायी, व्यावसायिक, खोजमूलक र विश्लेषणत्मक पत्रकारिताको माध्यमबाट राष्ट्रिय हित र जनतालाई सुसूचित गराउन योगदान पु-याएको।

(घ) देशका लागि पत्रकारिताका माध्यमबाट महत्वपूर्ण योगदान पु-याएको।

ङ) राष्ट्रिय पत्रकारिता पुरस्कार लागि सिफारिस गरिने पत्रकारले कम्तीमा १५ वर्ष पत्रकारिताको क्षेत्रमा काम गरेको र वरिष्ठ पत्रकार सम्मानको लागि सिफारिस गरिने पत्रकार कम्तीमा २० वर्ष पत्रकारिताको क्षेत्रमा काम गरेको तथा उमेर ४५ वर्ष पुगेको हुनु पर्नेछ।

मा. जगदीश खरेल
मन्त्री

CS CamScanner

(ङ१) समाजमा सकारात्मक सन्देश प्रवाह गर्ने सूचना सामाग्रीहरु प्रकाशन प्रसारण गर्न आफ्नी पत्रकारितालाई सदैव प्रयोग गरेको।

(च) समितिले उपयुक्त ठानेका अन्य आधारहरु।

**७. राष्ट्रिय पत्रकारिता पुरस्कार र वरिष्ठ पत्रकार सम्मान घोषणा तथा वितरण :**

(क) दफा ४ बमोजिम गठित समितिको सिफारिसमा राष्ट्रिय पत्रकारिता पुरस्कार तथा वरिष्ठ पत्रकार सम्मान नागि सिफारिस भएका पत्रकारको नाम मन्त्रालयले घोषणा गर्नेछ।

(ख) राष्ट्रिय पत्रकारिता पुरस्कार र बरिष्ठ पत्रकार सम्मानको वितरण हरेक वर्ष राष्ट्रिय पत्रकारिता दिवसका दिन बैशाख २४ गते गर्नेछ।

**८.सम्मान तथा पुरस्कारका लागि बजेटः** (१) राष्ट्रिय पत्रकारिता पुरस्कार र बरिष्ठ पत्रकार सम्मान वितरणका लागि आवश्यक बजेट वार्षिक विनियोजनबाट हुनेछ।

(२) पुरस्कार वितरणको कार्यक्रम गर्दा लाग्ने प्रशासनिक खर्च सोही विनियोजित बजेटबाट गर्नुपर्नेछ।

**९. खारेजी र बचाउ :** वरिष्ठ पत्रकारहरुलाई सम्मान गर्न एक वरिष्ठ पत्रकार सम्मान अक्षय कोष स्थापना र सञ्चालन मापदण्ड, २०६६ र राष्ट्रिय पत्रकारिता पुरस्कार स्थापना सम्बन्धी अवधारणापत्र खारेज गरिएको छ, सो मापदण्ड र अवधारणापत्र बमोजिम भए गरेका काम यसै बमोजिम भएको मानिनेछ।

मा. जगदीश खरेल
मन्त्री

CamScanner

## राष्ट्रिय पत्रकारिता पुरस्कार र वरिष्ठ पत्रकार सम्मानलाई व्यवस्थित गर्ने ( पाँचौ संशोधन) कार्यविधि, २०८२

राष्ट्रिय पत्रकारिता पुरस्कार र वरिष्ठ पत्रकार सम्मानलाई व्यवस्थित गर्ने, २०७२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी कार्यविधिहरुको नाम "राष्ट्रिय पत्रकारिता पुरस्कार र वरिष्ठ पत्रकार सम्मानलाई व्यवस्थित गर्ने ( पाँचौ संशोधन) कार्यविधि, २०८२" रहेको

छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

2. राष्ट्रिय पत्रकारिता पुरस्कार र वरिष्ठ पत्रकार सम्मानलाई व्यवस्थित गर्ने कार्यविधि, २०७२ को दफा ६ पछि ६क. थप : राष्ट्रिय पत्रकारिता पुरस्कार र वरिष्ठ पत्रकार सम्मानलाई व्यवस्थित गर्ने कार्यविधि, २०७२ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा ६ पछि देहायको दफा ६क. थप गरिएको छः-

"६क. दफा ६ मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले सामाजिक न्याय र सुशासन प्रवर्द्धनको आन्दोलनमा योगदान दिएका वा सो क्रममा घाइते भएका पत्रकारलाई वार्षिक विनियोजित बजेटबाट सम्मान गर्न सक्नेछ ।"

मा. जगदीश खरेल
मन्त्री

CamScanner